# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंकः १ | फाल्गुन, ०४ गते २०८० साल | (संख्याः ०२) |
|---|---|---|---|

### भाग-१

नगरसभाको मितिः २०८०/१०/२६ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बर्दघाट नगरपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०७४

१. बर्दघाट नगरपालिकाको सहकारी ऐन, २०७४ को सट्टा बर्दघाट नगरपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०८० रहेको छ ।

२. मूल ऐनको दफा ९ मा संशोधनः "

१. "दफा ९ को उपदफा (१) (क) बचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा एक वडा ।" भन्ने शव्दहरुको सट्टा "उपदफा (१) (क) बचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा तीन वडा," भन्ने शव्दहरु राखिएको छ ।

२. "दफा ९ को उपदफा (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुई बर्ष पछि देहायको आधारमा रहेको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरुमा विस्तार गर्न सक्नेछः" भन्ने शव्दहरुको सट्टा "दफा (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको एक बर्ष पछि देहायको आधारमा रहेको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप विस्तार गर्न सक्नेछः" भन्ने राखिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

३. दफा ९ को उपदफा (६) पछी देहायको बुँदा नं (ङ) थप गरिएको छ ।

"यस ऐन बमोजिम दर्ता भएका बचत तथा ऋण सहकारी बाहेकका अन्य सहकारीहरुले नगरपालिका भित्र व्यवसायिक सेवा सञ्चालन गर्न कुनै बाधा पर्ने छैन ।"

३. मूल ऐनको दफा ३०(६) मा संशोधन:

१. "दफा ३० (६) समितिको कार्यावधि तीन बर्षको हुनेछ ।" को सट्टा "दफा ३० (६) समितिको कार्यावधि चार बर्षको हुनेछ ।" भन्ने राखिएको छ ।

आज्ञाले

प्रकाश खनाल

प्रमुख प्रशासकीय अधिकृत